१७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २६४ ॥ २०८२ मंसिर ०८ गते सोमबार (24rd Nov 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

## करेन्ट लगाएर माछा मार्दा ज्यान गुमाउँदै सर्वसाधारण

# झापामा चार महिनामा ७ जनाको मृत्यु

झापा(प्रस) । करेन्ट लगाएर माछा मार्ने क्रममा झापामा करिव चार महिनामा ७ जनाले ज्यान गुमाएका छन्। शनिवार एकैदिन बिर्तामोड र गौरादहमा गरी दुईजनाको मृत्यु भएको हो । बिर्तामोड वडा न.७ मियाबारीस्थित रेखा खोलामा करेन्ट लगाएर माछा मार्दा आनन्द चौधरीको मृत्यु भयो । शनिवार राति वडा नं ६ बस्ने ५२ वर्षीय आनन्द चौधरीसंग सोही ठाउँ बस्ने ४८वर्षीय पुरन चौधरी र वडा नं ७ बस्ने ३२ वर्षीय श्याम चौधरी करेन्ट लगाएर माछा मार्न रेखा खोला गएका थिए । माछा मार्ने क्रममा आनन्दलाई करेन्ट लागेको थियो । घाइतेलाई उपचारका लागि अस्पताल लैजाने प्रयास गर्दा गर्दै मृत्यु अनुसन्धानको क्रममा पुरन र श्यामलाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा राखिएको छ ।राति १बजे कानुनी प्रकृया पुरा गरी मृतकको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको थियो ।

शनिवार नै झापामा करेन्ट लगाएर माछा मार्दा अर्का एकजनाको मृत्यु भएको थियो । दिउँसो १२:२० बजे गौरादह वडा नं ६ र गौरीगंज वडा नं ६ को सिमाना पर्ने रामचन्द्रे खोलामा गौरादह ६ आरतिनगर बस्ने ५० वर्षीय रामकुमार ताजपुरियाले करेन्ट लगाएर माछा मार्दा आफैलाई करेन्ट लागेर उनको मृत्यु भएको थियो ।

त्यस्तै कात्तिक २ गते करेन्ट लगाएर माछा मार्दा कचनकवलमा एकजनाको मृत्यु भएको थियो ।

दिउँसो १:१० बजे कचनकवल गाउँपालिका वडा नं २ बस्ने ४९ वर्षीय लोकबहादुर गाइने सोही ठाउँमा रहेको अमलखुट्टा खोलामा करेन्ट लगाई माछा मार्न गएका थिए । माछा मार्ने क्रममा आफैलाई करेन्ट लागेर गाइनेको मृत्यु भएको थियो ।

त्यस्तै गत असोज ३० गते करेन्ट लगाएर माछा मार्दा मेचीनगरमा एक व्यक्तिको मृत्यु भएको थियो ।

दिउँसो २.३० बजे मेचीनगर -१५ निलकोठी बस्ने ४२ वर्षीय सन्तोष लिम्बूले घरनजिकै रहेको टिमाई नहर (कुलो)मा करेन्ट लगाई



माछा मार्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो ।बेहोस भएका लिम्बूलाई उपचारको लागि मेची आम्दा अस्पताल धुलाबारी लगिएकोमा अस्पताल पुग्नासाथ चिकित्सकले मृत घोषणा गरेका थिए ।

त्यसअघि गत भदौ ४ गते कमलमा करेन्ट लगाएर माछा मार्दा एक युवकको मृत्यु भएको थियो ।

दिउँसो अन्दाजी २ बजे कमल गाउँपालिका -३ खानेपानी टोल बस्ने २१ वर्षीय उज्वल राई सोही ठाउँमा रहेको द्वयाङ्गी खोलामा करेन्ट लगाई माछा मार्न गएका थिए । माछा मार्ने क्रममा राई आफैलाई करेन्ट लागेको थियो ।

घाइते भई उनी लडिरहेको अवस्थामा आफन्तले देखेर उपचारको लागि लाइफलाइन अस्पताल दमकमा पुर्याउनासाथ डाक्टरले मृत घोषणा गरेका थिए ।

त्यस्तै गत साउन २५ करेन्ट लगाएर माछा मार्दा हल्दिवारीमा एकजनाको मृत्यु भएको थियो ।

साँझ ५.४० बजे संखुवासभा चैनपुर वडा नं. २ घर भई हाल हल्दिवारी वडा नं. ४ ऐनावारीमा रहेको मैनाली हाते कागज खरिद बिक्री केन्द्रमा काम गर्ने बर्ष ३०/३१ का रामकुमार अधिकारी नजिकै रहेको खोल्सामा करेन्ट लगाइ माछा मार्न गएका थिए । माछा मार्ने क्रममा करेन्ट लागेर उनको घटनास्थलमा नै मृत्यु भएको थियो । झापामा करेन्ट लगाएर माछा मार्दा ज्यान गुमाउनेको संख्या उच्च रहेको छ। माछाको लोभमा ज्यान गुमाउनेमा सवै सर्वसाधारण हुन् । करेन्ट लगाएर माछा मार्नु गैरकानूनी भए पनि लुकिछिपी यस्ता गतिविधि भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । उनले करेन्ट लगाएर माछा मार्दा ज्यान जान्छ भनेर सर्वसाधारणलाई सचेतना दिने कार्य प्रहरीले गरिरहेको जानकारी दिए । करेन्ट लगाएर माछा मार्नु गैरकानूनी कार्य हो। तर खोला, कुलोमा करेन्ट लगाएर माछा मार्ने क्रम रोकिएको छैन। यसरी माछा मार्ने क्रममा ज्यान गुमाउनेको संख्या पनि बढ्दै गएको छ।

जलचर संरक्षण ऐन, २०१७ ले यस्ता गतिविधि गरेको भेटिएमा ६ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

ऐनको दफा ३ मा भनिएको छ, 'कुनै व्यक्तिले सार्वजनिक जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी जलको आसपासमा विद्युतीय धार प्रवाह (करेन्ट) वा विस्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न पाइँदैन। यदि कोही कसैले यो कानून उल्लंघन गरेमा वा दुरुत्साहन गरेमा स्थानीय अधिकारीको आदेशले कसूरको मात्रा हेरी हानि-नोक्सानी भएकोमा बिगो बराबरको क्षतिपूर्ति गराई ६ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।'

भएपछि पुरन र श्यामले खोला किनारमा शव छोडेका थिए ।

करेन्ट लगाएर माछा मार्ने क्रममा आनन्दको मृत्यु भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले पुष्टि गरे । उनले घटनास्थलबाट करेन्ट लगाएर माछा मार्ने तार बरामद भएको जानकारी दिए । करेन्ट लगाएर माछा मार्दै आएका आनन्दको सहयोगीका रुपमा पुरन र श्याम गएको बताइएको छ । आनन्दलाई करेन्ट लागेपछि उनीहरुले एम्बुलेन्स बोलाएर उपचारका लागि लैजान खोजेका थिए । तर, उपचारका लागि लैजान नपाउँदै आनन्दको मृत्यु भएको थियो ।

त्यस्तै गत कात्तिक २२ गते करेन्ट लगाएर माछा मार्दा मेचीनगरमा एकजनाको मृत्यु भएको थियो ।

बिहान १०:३० बजे मेचीनगर वडा न.४ बाहुनडाँगी बस्ने ५५ वर्षीय विकास प्रधानले आफ्नै माछा पोखरीमा हात्ती रोकथामको लागि लगाएको फेन्सिङ तारबाट जडान गरी पोखरीमा माछा मार्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो । घाइते प्रधानलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएकोमा अस्पताल पुऱ्याउनसाथ डाक्टरले मृत घोषणा गरेका थिए । साथै पोखरी छेउमा बाँधिएको गाईसमेत करेन्ट लागेर मरेको थियो ।

## जसपा, नाउपा र रामुपाले एउटै चिह्नमा चुनाव लड्ने

झापा(प्रस) । जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय मुक्ति पार्टीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावमा एकल चिह्नमा चुनाव लड्ने भएका छन् ।

जसपा अध्यक्ष अशोकुमार राई, नाउपा संरक्षक रेशमलाल चौधरी



र रामुपा अध्यक्ष राजेन्द्र महतोबीच जाँतो (चकिया) चुनाव चिह्न लिएर निर्वाचनमा जाने सहमति भएको हो ।

'आगामी २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधिसभाको चुनावमा हामी तीन पार्टी जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र राष्ट्रिय मुक्ति पार्टी नेपाल एकल चुनाव चिह्नमा भाग लिन सहमत भयौं,' सहमतिपत्रमा लेखिएको छ, ' एकल चुनाव चिह्नको रूपमा हाल नागरिक उन्मुक्ति पार्टी नेपालको कायम रहेको जाँतो (चकिया) चुनाव चिह्न प्रयोग गर्न सहमत भयौं ।'

ती पार्टीले आफूहरुसँग विचार मिल्ने अन्य पार्टीहरुलाई पनि एकल चुनाव चिह्नमा आउन आह्वान गरेका छन् ।

यसैबीच जनता समाजवादी पार्टी (जसपा) संघीय परिषद् अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठसहित ६ नेताले पार्टी परित्याग गरेका छन् । विभिन्न घटक मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टीमा एकता र ध्रुविकरणका लागि भन्दै उनीहरुले आइतबार जसपा छाडेका हुन् । पार्टी छाड्नेहरुमा संघीय परिषद् अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष रणध्वज लिम्बू (कन्दङ्वा), परशुराम बस्नेत, केन्द्रीय सल्लाहकार समिति अध्यक्ष दुर्गामणी देवान, केन्द्रीय विज्ञ परिषद् अध्यक्ष पुष्पराज राजकर्णिकार, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कृष्णबहादुर धजु छन् ।

अध्यक्ष श्रेष्ठले आफ्नो समूह नेपाली कम्युनिष्ट पार्टीमा एकता गर्ने बताए । उनका अनुसार यही मंसिर १० गते नेपाली कम्युनिष्ट पार्टीसँगको एकता घोषणा कार्यक्रम रहेको छ ।

अशोक राई समूह अहिले पनि मजधारमा रहेको र प्रदीप यादवको नेतृत्वमा नयाँ पार्टी बनाउनेबारे पनि कुरा भएको उनले सुनाए । उनले भने, 'सहमतिका आधारमा हामीले आ-आफ्नो बाटो तय गर्ने निर्णय गऱ्यौं । जनता समाजवादी पार्टीमा तीन ध्रुव रह्यो । र, हामी नेपाली कम्युनिष्ट पार्टीमा जाने भयौं । अशोक राई बिचमा हुनुहुन्छ र अर्को समूहमा पनि छ ।'

## रिहा भए दुर्गा प्रसाईं

झापा(प्रस)। बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईं सर्वोच्चको आदेशलगत्तै रिहा भएका



छन्।

प्रसाईंका छोरा निराजनले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिटमा सुनवाइ गर्दै सर्वोच्चले उनलाई थुनामुक्त गर्न आदेश दिएको हो। सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र श्रीकान्त पौडेलको इजलासले आइतवार उक्त आदेश दिएको थियो।

सर्वोच्चले मंसिर ६ गते सरकार र प्रसाईं समर्थकका बीचमा शान्तिपूर्ण कार्यक्रम सञ्चालन गर्ने सहमति भएको भन्दै बन्दीप्रत्यक्षीकरणको निवेदन जारी हुने आदेश गरेको हो ।

यसअघि सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले प्रसाईंको बन्दीप्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै पक्राउ गर्नुको कारणसहित उनलाई अदालतमा उपस्थित गराउन आदेश दिएको थियो । प्रहरीले गत मंसिर १ गते प्रसाईंलाई पक्राउ गरेर सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान गरिरहेको छ । आन्दोलन घोषणा गरेर भड्काउपूर्ण अभिव्यक्ति दिएको र उनको हर्कतले हिंसा भड्किन सक्ने विश्लेषणपछि प्रहरीले प्रसाईंलाई भक्तपुरको ठिमीस्थित निवासबाट मध्यरातमा पक्राउ गरेको थियो ।

## चितवन कारागारबाट फरार बन्दी झापामा पक्राउ

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा चितवन कारागारबाट फरार भएका बन्दी झापामा पक्राउ परेका छन् । पक्राउ पर्नेमा झापा शिवसताक्षी नगरपालिका वडा नं. ८ बस्ने २९ वर्षीय आशिष सुब्बा रहेका छन् । सालकको अखेटोपहार मुद्दामा सुब्बालाई पुर्पक्षका लागि चितवन कारागार पठाइएको थियो ।

आफ्नै घरमा लुकिछिपी बसिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले आइतवार साँझ ५.३० बजे उनलाई नियन्त्रणमा लिएको हो । उनलाई इप्रका झिलझिलेमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## इप्रका बिर्तामोडमा सवारीसाधन तोडफोड र आगजनी गर्ने पक्राउ

झापा(प्रस) ।जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय



बिर्तामोडमा आक्रमण गर्ने थप एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बिर्तामोड वडा न.३ बस्ने २१ वर्षीय बादल राजवंशी रहेका छन् । शनिवार दिउँसो १.२५ बजे बिर्तामोड नगरपालिका वडा नं. ४अन्नपुर्ण चौकबाट इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो ।

भदौ २४गतेको जेनजी आन्दोलनको क्रममा इप्रका बिर्तामोडको कम्पाउण्डभित्र रहेका सवारीसाधन तोडफोड र आगजनीमा उनको संलग्नता देखिएको प्रहरी स्रोतले जनाएको छ ।

## ट्र्याक्टरसंग ठोक्किएर मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस) ।झापाको मेचीनगरमा ट्र्याक्टरसंग ठोक्किएर मोटरसाइकल चालकको मृत्यु भएको छ । शनिवार साँझ ६ बजे मेचीनगर -१५ हेद्लुबारीस्थित भित्री सडकखण्डमा भद्रपुरबाट इटाभट्टातर्फ जाँदै गरेको प्र.१-०१-०१३ प. ३३३६ न.को मोटरसाइकलले रोडको साईडमा रोकिराखेको प्र.१-०१-००१ त. ९९७७ नम्बरको ट्र्याक्टरलाई ठक्कर दिएको थियो । दुर्घटनामा



मोटरसाइकल चालक सोही ठाउँ बस्ने ३८ वर्षीय बिनोद राउत र मोटरसाइकलमा पछाडि सवार २१ वर्षीय निश्चल भुजेल गंभीर घाइते भएका थिए । टाउको र शरीरको बिभिन्न भागमा चोट लागेर गंभीर घाइते दुवैजनालाई प्रादेशिक अस्पताल भद्रपुरमा सामान्य उपचारपश्चात् बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएको थियो । साँझ ७:४५ बजे बीएण्डसी अस्पतालमा घाइते राउतको उपचारको क्रममा मृत्यु भएको हो ।

ट्र्याक्टर र ट्र्याक्टर चालक मेचीनगर -१५ बस्ने ३० वर्षीय होप्ना हस्दालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा

झापा(प्रस) । माओवादीका पूर्वउपमहासचिव जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीका पूर्वप्रमुख सचेतक सन्तोष परियार र नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का संयोजक दुर्गा सोब पक्षले प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा गरेका छन् ।

'प्रगतिशील, देशभक्त, समाजवादी' शक्तिहरु मिलेर पार्टी गठन गरेका हुन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका बाबुराम भट्टराई, माओवादीका पूर्वउपमहासचिव शर्मा र रास्वपा नेता परियारबीच एकता भई गैरकम्युनिस्ट पार्टी निर्माण बनेको हो ।

भट्टराईले झन्डा उठाउँदै पार्टी घोषणा गरेका हुन् । घोषणासभालाई सम्बोधन गर्दै शर्माले माओवादले आफ्नो क्रान्तिकारी छवि बनाउन नसक्दा भ्रष्टाचारमा फसेको बताए । ' विगतमा माओवादी सत्ताको वरिपरि रह्यो । नेताहरुले सामाजिक उत्पीडन अन्त्य गर्न असफल भए । व्यक्तिगत स्वार्थपूर्तिका लागि पार्टीहरुले अवसर गुमाए,' उनले भने, 'देशमा चरम भ्रष्टाचार, परिवारवाद, सत्ताका लागि म्युजिकल चेयरका कारण निराशा पैदा भयो र जेन-जी आन्दोलन भयो ।'

शर्माले मौलिकतासहितको समाजवादी पार्टी बनाउने बताए । 'नेपाली विशेषताको समाजवाद निर्माण गर्ने पार्टीको मार्गदर्शक सिद्धान्त हुनेछ,' उनले भने ।

नेता परियारले विचार विधिको विकास गर्न नयाँ पार्टी घोषणा गरेको बताए । 'हामीले विचारमा काम गर्नुपर्नेछ । प्रगतिशीलहरु राष्ट्र बचाउन एक ठाउँमा आउनुपर्छ । विचार निरन्तर छलफलपछि विकास गर्न सकिन्छ,' उनले भने, 'विचारबिनाको राजनीतिक संगठन भिड मात्र हुनेछ । ज्ञान उत्पादनमा काम गरेनौं भने फगत भिड मात्र हुनेछौं ।'

संयोजक सोबले विगतका गल्ती सच्याएर अघि जाने बताइन् । 'विगतको गल्ती गर्ने छुट छैन । कमजोर लोकतान्त्रिक व्यवस्थासँग लडेर तीव्र आर्थिक विकास ल्याउनुपर्छ । आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्रको समानुपातिक समावेशी अहिले पनि पूरा भएको छैन,' उनले भनिन्, 'नयाँ आवश्यकताका आधारमा नयाँ समाजवादी व्यवस्था स्थापना गर्न लागेका छौं ।'

प्रगतिशील अभियानका संयोजक सुदन किराँतीले बोलीलाई व्यवहारमा उतार्ने पार्टी बनाउने प्रतिबद्धता जनाए । 'समस्या समाधान गर्ने विचार विधिसहितको पार्टी निर्माण गर्न खोजेका हौं ।

यो नयाँ ऐतिहासिक कोशेढुंगा हो,' उनले भने, 'देश र जनताको समस्या समाधान गर्न बोलीलाई व्यवहारमा लागू गर्न चाहन्छौं ।' पार्टीको संरक्षकमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई रहनेछन् । पार्टीको सामूहिक नेतृत्व युवा, महिलासहित समावेशी बनाउने विधान मस्यौदामा छ । पार्टीको चुनाव चिह्न भने आँखा रहनेछ । यो दल दुर्गा सोबको नाममा निर्वाचन आयोगमा दर्ता भइसकेको छ ।

# निर्वाचनका लागि कांग्रेसले गरायो दल दर्ता

झापा(प्रस) । नेपाली कांग्रेसले आगामी राष्ट्रियसभा र प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गराएको छ ।

आइतबार कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले निर्वाचन आयोगमा पुगेर दुई निर्वाचनका लागि दल दर्ता गराएका हुन् ।

पौडेलले राष्ट्रियसभा र प्रतिनिधिसभा निर्वाचनका लागि पार्टी दर्ता भइसकेको जानकारी दिए ।

शनिबार बसेको कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकले निर्वाचनका लागि पार्टी दर्ता गर्ने निर्णय गर्दै त्यसको जिम्मेवारी मुख्यसचिव पौडेललाई दिएको थियो ।

'संवत् २०८२ साल माघ ११ (एघार) गते आइतबारको दिन हुने राष्ट्रियसभा सदस्य निर्वाचन र संवत् २०८२ साल फागुन २१ (एक्काइस) गते बिहीबारको दिन हुने प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि 'नेपाली कांग्रेस' लाई निर्वाचन आयोगमा दर्ता गर्ने निर्णय गर्दछ । सो प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने लगायतका कानून बमोजिमका सम्पूर्ण प्रक्रिया पूरा गर्न नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिवलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गर्दछ,' बैठकको निर्णयमा लेखिएको थियो ।

# एमाले पाँचथरबाट महाधिवेशन प्रतिनिधिका लागि ३२ जनाको उम्मेद्वारी

झापा(प्रस)। नेकपा (एमाले) को आसन्न ११ औं राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि जान पाँचथर जिल्लाबाट ३२ जनाको उम्मेद्वारी दर्ता भएको छ। एमाले पाँचथरले गठन



गरेको निर्वाचन समितिमा आइतबार उम्मेद्वारी दर्ता भएको हो।

जिल्लाबाट खुलामा चार, महिलामा दुई, दलितमा एक र युवामा एक गरेर आठ जना प्रतिनिधि चयन हुने निर्वाचन अधिकृत जयप्रसाद केरुङले जानकारी दिए।

जसमा खुला चार जनाका लागि १६ जना, दुई जना महिलाका लागि सात जना, एक जना युवाका लागि ६ जना र एक जना दलित प्रतिनिधिका लागि ६ जनाले उम्मेद्वारी दर्ता गराएका हुन्।

पाँचथर जिल्लाको प्रदेश (क) बाट एक हजार ९ सय ७४ र (ख) बाट एक हजार दुई सय ९६ गरी कुल तीन हजार दुई सय ७१ जना पार्टी सदस्य छन्। सबै पार्टी सदस्यले महाधिवेशन प्रतिनिधिका लागि मतदान गर्न पाउने व्यवस्था छ। जिल्लाबाट केन्द्रीय सदस्यमा प्रतिनिधित्व गर्ने नेता भने स्वतः महाधिवेशन प्रतिनिधि हुने व्यवस्था रहेको छ।

मङ्सिर १० गतेसम्म उम्मेदवारबिच सहमतिको प्रयास गर्ने र सहमति नजुटे निर्वाचन गराउने एमालेको तयारी छ। महाधिवेशन प्रतिनिधिका लागि १३ गते देशभर एकसाथ मतदान गर्ने एमाले निर्वाचन समितिको तालिका छ। एमाले महाधिवेशन भने मङ्सिर २७ देखि २९ गतेसम्म सञ्चालन हुनेछ।

## सूचना ! सूचना !! सूचना !!!



जिल्ला झापा शिवसताक्षी नगरपालिका वडा नं. ६ बस्ने भारतीय आर्मी नम्बर ५८४२९८१ दर्जा हन्दार पल्टन 1st 9 GR को श्री हरिप्रसाद सिटौलाको नाति भक्तिप्रसाद सिटौलाको छोरा भारतीय सैनिक श्री रामचन्द्र सिटौलाको एकमात्र श्रीमती जिल्ला झापा शिवसताक्षी वडा नं. ६ बस्ने श्री मनोरथ शिवाकोटीको नातिनी श्री देवीप्रसाद शिवाकोटीको छोरी राममाया सिटौलाको नाम श्रीमानको भारतीय दस्तावेजमा श्रीमति राममाया थापा लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती राममाया सिटौला कायम गर्नका निम्ति सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मितिः २०८२/०८/०८**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आउनु भएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गर्नु भएको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सुचिकरण एवं नेपाल सरकार, अध्यागमन विभागद्धारा पासपोर्ट जफत गर्ने कार्य गर्न समेत लेखि पठाईने छ । कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| **शाखा कार्यालय : बिर्तामोड** | **कर्जा शिर्षक : व्यावसायिक चालुपुजी कर्जा** |
|---|---|
| **ऋणी / धितो जमानतकर्ता /व्यक्तिगतजमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | |
| १. **ऋणी** : घरेलु तथा साना उद्योग विकास समिति पाँचथरमा मिति २०७६/०१/०८ मा प्रा.फ.र.नं. ८७८/०७५/०७६ अन्तरगत रजिष्ट्रड/दर्ता भएको रजिष्टड ठेगाना पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १, पाँचथर भई हाल सोहि स्थानमा स्थित **समर्पित फार्मेसी**, ऐ फर्मका तर्फबाट ऐ. का प्रोप्राइटर कृष्ण बहादुर पराजुलीको नाति, भोज बहादुर पराजुलीको छोरा, नागरिकता बमोजिम इलाम जिल्ला, इलाम न.पा. वडा नं. २, स्थायी ठेगाना भै हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने मिति २०४२/०३/२७ मा जिल्ला प्रशासन कार्यालय, इलामबाट जारी गरिएको ना.प्र.प.नं. १८०१९-९०१ भएको बर्ष ५९ को **सन्देश पराजुली** । | |
| **धितो सुरक्षणको विवरणः प्रकृती पराजुली**को नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला भद्रपुर गा.वि.स./न.पा. वडा नं. १३ स्थित कि.नं. २७ को क्षेत्रफल ६४४ व.मि. को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

| | | | |
|---|---|---|---|
| **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : दिपा पराजुली<br>बाबु : भोज बहादुर पराजुली<br>पति : जित बहादुर थापा<br>ना प्र नं : ०३१९१४६/११६७ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, दानाबारी गा.वि.स बडा नं. ८, स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ५ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : राजेन्द्र कार्की<br>बाबु : पदम बहादुर कार्की<br>बाजे : रत्न बहादुर कार्की<br>ना प्र नं : ३४६ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, सोयाक गा.वि.स. वडा नं. ९, स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ५ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : महेश्वर तिम्सिना<br>बाबु : ईन्द्र नारायण तिम्सिना<br>बाजे : नरपति तिम्सिना<br>ना प्र नं : ०२/२८२ (पाँचथर)<br>ठेगानाः पाँचथर जिल्ला, सिरिसे गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : प्रेम बहादुर काफ्ले<br>बाबु : मकर जंग काफ्ले<br>बाजे : लक्ष्मण काफ्ले<br>ना प्र नं : ६९७१९८७ (पाँचथर)<br>ठेगानाः पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १, स्थायी ठेगाना भै सोहि स्थान बस्ने । |
| **धितो / व्यक्तिगत जमानीकर्ताः**<br>नाम : प्रकृती पराजुली<br>बाबु : मुक्तिनन्द दहाल<br>पति : सन्देश पराजुली<br>ना प्र नं : १५२७६/१६९२७-०४४ (सुनसरी)<br>ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : घनेन्द्र राज खनाल<br>बाबु : देवी प्रसाद खनाल<br>बाजे : भिम प्रसाद खनाल<br>ना प्र नं : ९१५२२४९३ (झापा)<br>ठेगानाः झापा जिल्ला, कन्काई न.पा. २, स्थायी ठेगाना भै झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. १, बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : नेचुरीका पराजुली<br>बाबु : सन्देश पराजुली<br>बाजे : भोज बहादुर पराजुली<br>ना प्र नं : ०४-०१-७०-२०१९२ (झापा)<br>ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा. १५, स्थायी ठेगाना भै झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने । | |

| **ऋणी / धितो जमानतकर्ता /व्यक्तिगतजमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | **कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा** |
|---|---|
| २. **ऋणी** : कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७५/०३/१४ मा दर्ता नं. १९२५६७/७४/०७५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना पाँचथर जिल्ला, फिदिम न.पा वडा नं. १ स्थित **समर्पित हस्पिटल प्रा. लि.** ऐ कम्पनीका तर्फबाट ऐ. का अधिकारप्राप्त शेयरधनी भिम प्रसाद खनालको नाति, देवी प्रसाद खनालको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, कन्काई न.पा. वडा नं. २, स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १ बस्ने मिति २०५५/१२/२५ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ९१५२२४९३ भएको बर्ष ४५ को **घनेन्द्र राज खनाल** । | |
| **धितो सुरक्षणको विवरणः**<br>१. **दोमकला अधिकारी**को नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. १ स्थित कि.नं. ९०७० क्षेत्रफल ६७७.२६ व.मि. को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. **महेश्वर तिम्सिना**को नाममा मालपोत कार्यालय फिदिम पाँचथरमा दर्ता कायम रहेको पाँचथर जिल्ला, फिदिम गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३१५४ क्षेत्रफल ५०८.७४ व.मि.को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

| | | | |
|---|---|---|---|
| **शेयरधनी/व्यक्तिगत जमानीकर्ता :**<br>नाम : दिपा पराजुली<br>बाबु : भोज बहादुर पराजुली<br>पति : जित बहादुर थापा<br>ना प्र नं : ०३१९१४६/११६७ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, दानाबारी गा.वि.स बडा नं. ८, स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ५ बस्ने । | **शेयरधनी/संचालक/व्यक्तिगत जमानीकर्ता :**<br>नाम : राजेन्द्र कार्की<br>बाबु : पदम बहादुर कार्की<br>बाजे : रत्न बहादुर कार्की<br>ना प्र नं : ३४६ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, सोयाक गा.वि.स. वडा नं. ९, स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ५ बस्ने । | **शेयरधनी/व्यक्तिगत जमानीकर्ता/धित्तो जमानतकर्ताः**<br>नाम : महेश्वर तिम्सिना<br>बाबु : ईन्द्र नारायण तिम्सिना<br>बाजे : नरपति तिम्सिना<br>ना प्र नं : ०२/२८२ (पाँचथर)<br>ठेगानाः पाँचथर जिल्ला, सिरिसे गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । | **शेयरधनी/संचालक/व्यक्तिगत जमानीकर्ता :**<br>नाम : प्रेम बहादुर काफ्ले<br>बाबु : मकर जंग काफ्ले<br>बाजे : लक्ष्मण काफ्ले<br>ना प्र नं : ६९७१९८७ (पाँचथर)<br>ठेगानाः पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १, स्थायी ठेगाना भै सोहि स्थान बस्ने । |
| **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : प्रकृती पराजुली<br>बाबु : मुक्तिनन्द दहाल<br>पति : सन्देश पराजुली<br>ना प्र नं : १५२७६/१६९२७-०४४ (सुनसरी)<br>ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ७, स्थायी ठेगाना भै झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने । | **शेयरधनी/व्यक्तिगत जमानीकर्ता :**<br>नाम : नेचुरीका पराजुली<br>बाबु : सन्देश पराजुली<br>बाजे : भोज बहादुर पराजुली<br>ना प्र नं : ०४-०१-७०-२०१९२ (झापा)<br>ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा. १५, स्थायी ठेगाना भै झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : विन्दु चौलागाई<br>बाबु : महेश चम्लागाई<br>पति : रविन काफ्ले<br>ना प्र नं : ०४-०२-७२-०५२१२ (झापा)<br>ठेगानाः झापा जिल्ला, धरमपुर गा.वि.स वडा नं. ६ , स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । | **शेयरधनी/संचालक/व्यक्तिगत जमानीकर्ता :**<br>नाम : घनेन्द्र राज खनाल<br>बाबु : देवी प्रसाद खनाल<br>बाजे : भिम प्रसाद खनाल<br>ना प्र नं : ९१५२२४९३ (झापा)<br>ठेगानाः झापा जिल्ला, कन्काई न.पा. २, स्थायी ठेगाना भै झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. १, बस्ने । |
| **व्यक्तिगत जमानीकर्ता/धित्तो जमानतकर्ताः**<br>नाम : दोमकला अधिकारी<br>बाबु : फनिलाल अधिकारी<br>पति : घनेन्द्रराज खनाल<br>ना प्र नं : ९१५२२६०० (झापा)<br>ठेगानाः झापा जिल्ला, सुरुङ्गा गा.वि.स वडा नं. २, स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १ बस्ने । | **शेयरधनी/व्यक्तिगत जमानीकर्ता :**<br>नाम : सन्देश पराजुली<br>बाबु : भोज बहादुर पराजुली<br>बाजे : कृष्ण बहादुर पराजुली<br>ना प्र नं : १८०१९-९०१ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, इलाम न.पा. वडा नं. २ , स्थायी ठेगाना भै झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १३ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : झरना राई<br>बाबु : होम नाथ राई<br>पति : गंगा काफ्ले<br>ना प्र नं : ०३०२६३/४८५ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, समालवुङ्ग गा.वि.स वडा नं. ४ , स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : गोमा देवी बस्नेत<br>बाबु : लछुमन बस्नेत<br>पति : प्रेम बहादुर काफ्ले<br>ना प्र नं : १०९५/२११ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, चमैता गाउ पञ्चायत वडा नं.३, स्थायी ठेगाना भै पाँचथर जिल्ला, फिदिम न.पा., वडा नं. १ बस्ने । |

| | |
|---|---|
| **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : सुष्मा थापा<br>बाबु : जितबहादुर थापा<br>पति : राजेन्द्र कार्की<br>ना प्र नं : ०३ ६८७०६ (इलाम)<br>ठेगानाः इलाम जिल्ला, दानाबारी गा.वि.स वडा नं. ८ , स्थायी ठेगाना भै झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : रविन काफ्ले<br>बाबु : प्रेम बहादुर काफ्ले<br>बाजे : मकरजंग काफ्ले<br>ना प्र नं : ०२०१०६६०२८२७ (पाँचथर)<br>ठेगानाः पाँचथर जिल्ला, फिदिम गा.वि.स/न.पा वडा नं. १ ,स्थायी ठेगाना भै सोहि स्थान बस्ने । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534090
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुनावबाट भागेर हुँदैन

माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनमा १३ दलले सहभागिता जनाउने भएका छन्।

राष्ट्रियसभा निर्वाचनमा सहभागी हुनका लागि दल दर्ता गराउने आइतवार अन्तिम दिनसम्म १३ दलले दल दर्ताको प्रक्रिया पूरा गरेको निर्वाचन आयोगले जनाएको छ। फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि भने हालसम्म ५६ दल दर्ता भएका छन्। आयोगका सहप्रवक्ता कुलबहादुर जिसीका अनुसार दुवै निर्वाचनका लागि दर्ता हुने दलको संख्या १३२ पुगेको छ।

प्रतिनिधिसभा निर्वाचनका लागि आइतवार मात्र १६ दलले निवेदन दिएका छन्। नेपाली कांग्रेससहितका १६ दलले प्रतिनिधिसभा निर्वाचनका लागि दल दर्ता गराएका हुन्।

निर्वाचन आयोगको स्वीकृत कार्यक्रमअनुसार प्रतिनिधिसभाका लागि यही मङ्सिर १ गतेदेखि १० गतेसम्म दल दर्ताका लागि समय दिइएको छ।

तीन दिन बाँकी हुँदासम्म नेकपा एमालेले दल दर्ता गरेको छैन। निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिताको प्रारम्भिक मस्यौदामाथि सुझाव दिने समय आइतवार सकिएको छ।

अब प्राप्त सुझाव समेटेर माघको १–२ गते आचारसंहिता जारी गर्ने आयोगको तयारी रहेको छ।

लोकतन्त्रमा विश्वास गर्ने कुनै पनि राजनीतिक दल निर्वाचनबाट भाग्दैन। निर्वाचन नै लोकतन्त्रको आधार हो। निर्वाचनमार्फत प्राप्त हुने जनादेशले नै जनताले चाहेको परिवर्तन संस्थागत गर्न सकिन्छ। जेनजी आन्दोलनपछिको नयाँ परिवेशमा मुलुक निर्वाचनमय बन्दै छ। आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गराउने म्यान्डेट पाएको अन्तरिम सरकार चुनावी वातावरण बनाउन प्रयासरत छ। सबै राजनीतिक दललाई चुनावमा भाग लिने वातावरण बनाउनु अहिलेको प्रमुख आवश्यकता हो। राजनीतिक दलले सभा, सम्मलेन, बैठक, अन्तर्क्रियामार्फत आफ्ना चुनावी एजेन्डा मतदातामाझ पुऱ्याउन पाउनु पर्छ। मतदाताको चाहना बुझ्न दलहरू जनताको घरदैलोसम्म पुग्नु पर्छ। मतदाताले आफूले रोजेको दलको उम्मेदवारलाई बिनाहस्तक्षेप मतदान गर्ने अवसर दिलाउन राज्य संयन्त्र परिचालित हुनु पर्छ। स्वतन्त्र र निर्भय रूपमा भाग लिने वातावरण बनाउन सकिएन भने चुनाव गराउन गाह्रो हुन्छ। चुनावमार्फत चाहेको परिवर्तन गराउने मत नै निर्णायक हुने भएकाले आममतदाताले सही दलको सही उम्मेदवारलाई आफ्नो अमूल्य मत दिएर जिताउनु प्रमुख दायित्व हो। यसका लागि सबै पक्षबाट रचनात्मक सहयोग अपेक्षित हुन्छ।




# निर्वाचन सफल पार्न गोलमेच



• रामनारायण बिडारी

विसं २०३१ देखिको राजनीतिक आन्दोलनलाई नियालेर हेर्दा २०८२ को आन्दोलन एक प्रकारको विद्रोह जस्तो देखिन्छ। हुन त विद्रोह एक्लैले पनि गर्न सकिन्छ। विद्रोही एक्लै पनि हुन्छन्। सङ्गठित विद्रोह पनि हुन्छ। विद्रोहीले विद्रोह गर्दा नतिजा प्राप्त गर्न पनि सक्छन्, नगर्न पनि सक्छन् अर्थात् सफल वा असफल दुवै हुन सक्छन्। कलिला बालबालिकाबाट विद्रोहकारी परिवर्तन सम्भव छ। विद्रोह भनेको बेठिक भत्काइदिने र ठिक बनाइदिने हो। समाजको बेथिति भत्काइदिने र थिति बसालिदिने नीति नै विद्रोहको सार हो। संसारमा धेरै विद्रोही जन्मिए। बुद्ध पनि विद्रोही नै थिए। मार्क्स पनि विद्रोही नै हुन्। ग्यालिलियो, सुकरात, लक्ष्मीप्रसाद देवकोटा, रूपचन्द्र विष्ट, रविन्द्रनाथ टेगोर, वर्नाड रसल्स जस्ता पनि विद्रोही नै हुन्। आइन्सटाइन, न्युटन पनि समाजका विद्रोही नै हुन्। विद्रोह गर्न पाउनु व्यक्तिको जन्मसिद्ध अधिकार हो। विद्रोहीलाई सुन्ने बुझ्ने विद्वान्हरूले गर्छन्। मूर्खले विद्रोही सक्ने नीति बनाउँछन्। विद्रोही मास्न सकिँदैन, यो त रक्तबीज जस्तो गरी आउँछ। विद्रोहले नै समाजको विकास हुन्छ। बेठिक नास हुन्छ र ठिक सुरु हुन्छ। बेठिक भत्काउने र ठिक बनाउने ज्ञान नै थाहा हो। सत्य ज्ञानको नाम हो, ठिक कामको नाम हो। थाहा यी दुवैको नाम हो।

सप्रेको समाज थाहा पाएर सप्रे भने बिग्रेको समाज भ्रममा परेर बिग्रे। यही द्वन्द्व नेपालमा चलिरहेको छ। लामो समय नेपालले राजनीतिक आधार समात्न सकेको थिएन। अहिले २०७२ बाट राजनीतिक आधार समाउन संविधानले सकेको छ तर संविधानको पालना गर्न पर्ने राज्यका निकाय वा पदाधिकारीले संविधान पालना गर्न सकिरहेका छैनन्। यो संविधान राजनीतिक स्थिरताका लागि आयो तर पदाधिकारीले स्थिर सरकार चलाउन सकेनन्। यो संविधान भ्रष्टाचार रोक्न आयो तर भ्रष्टाचारीलाई तह लगाउने निकाय सक्षम भएन। यो संविधान वाक् तथा प्रकाशन स्वतन्त्रताका निम्ति पूर्ण प्रेस स्वतन्त्रता लिएर आयो तर सरकारले त्यो पचाउन सकेन। संविधानले सबै धर्मको सम्मान र संरक्षण गर्ने कुरा गऱ्यो सरकार र राजनीतिक दलले सो पालना गर्न सकेनन्। संविधानले स्वतन्त्र तथा स्वच्छ न्यायालयको कल्पना गरेको थियो तर दलहरूले दलीयकरण गर्ने प्रयास तीव्र रूपमा गरे।

भदौ २३ मा भएको युवा आन्दोलन र २४ को अपराधजन्य कार्य हुन पुग्यो। दुवै घटनालाई सूक्ष्म रूपमा अध्ययन र मूल्याङ्कन गर्न आवश्यक छ। २३ गते जेनजीको नामबाट घोषित आन्दोलन वैधानिक रूपमा थियो। आन्दोलनको उद्देश्य पनि पवित्र थियो। यसलाई सफल पार्न गरिएको आन्दोलन पनि सफा नियतका साथ गरिएको थियो। धेरैले लामो समय योगदान गरेर वा बलिदान गरेर प्राप्त गरेको वाक् तथा प्रकाशन स्वतन्त्रताको नतिजा सामाजिक सञ्जाल सञ्चालन थियो। यो हरेक व्यक्तिकहाँ पुग्ने सञ्चार साधन थियो। देश दुनियाँ थाहा पाउने माध्यम थियो। यसलाई तत्कालीन सरकारले बुद्धिहीनता कार्य गरेर बन्द नै गरिदियो। उक्त बन्द खुलाउने उद्देश्य यो आन्दोलनको थियो।

अर्को देशमा व्याप्त भ्रष्टाचार थियो। सबै जसो पदाधिकारी भ्रष्टचारमा लिप्त थिए। नेता, दल, कार्यालय, निकाय सर्वत्र भ्रष्टाचार थियो। यसलाई हटाउने नारा यो आन्दोलनको थियो। यो दुवै माग जनतासँग सरोकारको थियो। यो माग सरकारले २२ गते नै पूरा गर्न सक्थ्यो। भ्रष्टाचारसम्बन्धी कुरा एक स्वतन्त्र संयन्त्र बनाएर अनुसन्धान गराउने कार्य गर्न पनि सक्थ्यो तर सरकारले यसलाई बेवास्ता गरेर बस्यो। २३ गते राति सामाजिक सञ्जाल खोल्न सक्ने सरकारले २२ गते नै खोल्न सक्थ्यो तर उसले सो कुरा मानेन, घमण्डी बन्यो। २३ गते उपत्यकाभित्रका सबै विद्यालय ९ बजे नै छुट्टी दिए परिणामतः सबै विद्यार्थी आन्दोलन स्थलमा आए। कलेजका विद्यार्थी आफ्ना मागप्रति विश्वस्त थिए। गोली चलाउने कुरा कल्पना पनि गर्दैनथे ढुक्कसँग आन्दोलनमा हौसिएर समावेश भए।

नेतृत्वले घुसपैठको योजनातर्फ ध्यान दिन सकेन। आन्दोलन शान्तिपूर्ण नै थियो एक्कासि भड्काइयो, र अन्धाधुन्दा गोली चल्यो। ५ बजेसम्ममा त १९ जना सहिद भइसकेको विषय प्रचारमा आयो। सामाजिक सञ्जाल खुलेको घोषणा सरकारले गऱ्यो। यो कार्यले गर्दा आमजनतामा आक्रोश बढ्यो। रातभरमा षडयन्त्रकारीले अनेक योजना पनि बुन्ने/बनाउने गरे। गृहमन्त्रीले राजीनामा पनि गरे तर ती अबोध बालबालिका बिनाकारण मारिएकोमा सहन सक्ने धैर्यता सबैमा कहाँ थियो र! रातभर रोए कराए। बिहान सरकारले चक्रपथभित्र कर्फ्यु जारी गऱ्यो। जनता झन् आक्रोशित भए। यो सबै सरकारको दम्भको कारण भइरहेको थियो। बिस्तारै आक्रोशित जनताको भिड चक्रपथबाहिर एकत्रित भई शासनमा बसेका नेताको घरमा आक्रमण गर्न पुग्यो। यही मौकामा विभिन्न ठाउँमा रिसइबी साँध्ने, डाहा गर्नेहरूले पनि उपयुक्त मौका पाए। जसका कारण निर्दोष वा यो सत्तामा नभएका वा सत्ताका विरोधीको निजी घरमा पनि आक्रमण हुन पुग्यो। जनताको आक्रोशलाई घुसपैठ समूहले दुरुपयोग गर्दै राज्यको सम्पत्तिमाथि धावा बोल्न थाले। राणाकालमा बनेका दरबार यसभन्दा अगाडिका आन्दोलनले तहसनहस गरेन, संरक्षण गरेर राखेकाले नै आज ती दरबार राज्यले प्रयोग गर्न पाइरहेको छ। भदौ २४ को त्यो अपराधजन्य कार्यकै कारण ती राज्यका सम्पत्ति ध्वस्त सखाप भए। जसले नेपाली जनतामा ऋण अझै बढाउँदै लैजाने छ।

देशमा संविधान सभाबाट जारी भएको संविधान पनि छ। यो संविधान विश्वको लोकतान्त्रिक संविधानमध्येकै हो। संविधानको प्रयोगकर्ता पदाधिकारी र निकायले नै गलत तरिकाले सञ्चालन गरेको कारण देश गरिब भयो र जनताको थाप्लोमा ऋण थप हुने कार्य भइरहेको छ। राजनीतिक दलले निश्चित राजनीतिक मार्गदर्शन अझै दिन सकेका छैनन्। आपसमा भिडन्तमा छन्। जेनजी समूह, राष्ट्रपति, प्रधान सेनापतिका बिचमा भदौ २५/२६ गते वार्ता हुँदा सम्झौता गरिनु पर्दथ्यो। पहिलो संविधान संशोधन गर्ने, यसका निम्ति भइरहेको संसद्लाई एक दिनका निम्ति बोलाउने र त्यसले संविधान संशोधन गर्ने अनि त्यही दिन संसद् भङ्ग गर्न सक्नुपर्थ्यो। दोस्रो, आन्दोलनलाई दमन गर्ने र फौजदारी अपराध गर्नेलाई कानुनबमोजिम दण्ड दिन आयोग गठन गर्ने र सोही दिनबाट दोषीलाई पक्राउ गरी म्याद थप गर्ने। तेस्रो, भ्रष्टाचारीलाई कारबाही गर्न उच्चस्तरीय सम्पत्ति छानबिन न्यायिक आयोग बनाउने। चौथो, १० जनाको मन्त्रीमण्डल चुनावका लागि गठन गर्ने। जसमा युवा पुस्ता र विज्ञ राख्ने। यो काम तत्काल गर्नुपर्ने थियो।

माथि उल्लिखित कार्य त्यस बेला हुन सकेन। आज पनि आन्दोलनको म्यान्डेट वा युवापुस्ताको माग पूरा हुन सकेको छैन। विद्रोहीको मर्यादा भएन। राष्ट्रको ठुलो क्षति हुन पुग्यो। निर्दोष व्यक्तिको सम्पत्ति नोक्सान पुऱ्याएर उसलाई मानसिक पीडा दिइयो। युवापुस्ता र विद्रोही झन् पीडामा पुगे। भ्रष्टलाई खास असर परेन। राजनीतिमा उलटपुलट भएन। सरकार मात्र बदलियो। रीतिथिति बदलिएन।

यस्तो अवस्थामा सबै राजनीतिक दलको गोलमेच सम्मेलन गरी विद्रोहीसमेत समेटेर संविधानका केही प्रावधान संशोधन गरेर तोकिएको मितिमै निर्वाचन सम्पन्न गर्ने दिशामा अघि बढ्नु पर्छ। यो सरकार र दल साथै विद्रोही युवाले सुझबुझको साथ काम गर्न एक दिनका लागि मात्र संसद् ब्युँताउने र संविधान संशोधन गर्ने, १६ वर्ष पुगेकाले भोट हाल्न पाउने व्यवस्था गर्ने, १८ वर्ष पुगेकाले प्रतिनिधि सभामा उठन पाउने, प्रत्यक्ष निर्वाचन हुने, विज्ञहरू मन्त्री हुनेलगायतका अन्य उपयुक्त संशोधन गर्ने। त्यसपछि संसद् विघटन हुने यो सरकारमा युवा मन्त्री थप गर्ने। निर्वाचन सबै मिलेर सम्पन्न गर्ने। यो नै अहिलेको मुख्य काम हो। यसो गर्दा संविधानले छेक्छ भन्ने कुरा आउँछ तर छेक्दैन। सबै बसेर बहस गर्न सकिन्छ। सरकारले त्यसको पहल गरोस्।

# पहिचान जोगाउने मौलिक मार्ग



• इन्द्रबहादुर श्रेष्ठ

जब बिहानीको सूर्य हिमालको टाकुरामा ठोकिन्छ र पहिलो किरणले हाम्रो माटोलाई स्पर्श गर्छ, तब हामी नेपालीले एउटा शाश्वत प्रश्नको सामना गर्नु पर्छ- हाम्रो यात्राको दिशा कुन हो? के हामीले आफ्नो मौलिक पहिचान बिर्सेर अरूको पदचाप पछ्याइरहनु पर्छ? यो ज्ञानको द्रुत प्रवाह भएको युग हो, जहाँ विश्वका विचारहरूले हरेक मनलाई प्रभावित गर्न खोज्छन्। कसैले कार्ल मार्क्स र माओका कठोर दर्शनमा मुक्ति देख्छन्, कसैले गान्धीको अहिंसात्मक बाटोलाई पछ्याउँछन्। विश्वका यी महान् चिन्तकका विचारलाई अध्ययन गर्नु ज्ञानका लागि अवश्यै मह□वपूर्ण छ तर हाम्रो धरातलीय यथार्थ र हाम्रो गन्तव्यको मार्गचित्र कोर्न हामीले आफ्नै घरको दियो बाल्नु अपरिहार्य छ। हामीलाई थाहा हुनु पर्छ कि हाम्रो जीवनको गहिराइ, हाम्रो मानवीय भावनाको जग र हाम्रो सामाजिक सद्भावको मूल स्रोत हामीभित्रै, हाम्रो प्राचीन सभ्यतामा छ।

हाम्रो गौरवशाली पूर्वीय दर्शनले हामीलाई दिएका अमूल्य सूत्रहरू विश्वका कुनै पनि आयातित दर्शनभन्दा कम छैनन्, बरु मानवीय भावनामा बढी उत्कृष्ट छन्। 'वसुधैव कुटुम्बकम्' को घोषणाले संसारलाई एउटै परिवार ठान्ने उच्चतम सहिष्णुताको पाठ पढाउँछ। यो कुनै भौगोलिक वा राजनीतिक सीमाले बाँधिएको सङ्कीर्ण विचार होइन, यो त विश्व भाइचारा र शान्तिपूर्ण सहअस्तित्वको आधारभूत दर्शन हो। त्यस्तै, जब हामी निष्काम भावले 'सर्वे भवन्तु सुखिनः' (सबै सुखी होऊन्) भनी कामना गर्छौं, तब त्यहाँ स्वार्थको कुनै स्थान बाँकी रहँदैन; यो सर्वव्यापी कल्याणको चाहना नै हाम्रो मानवीय भावनाको सर्वोच्च अभिव्यक्ति हो। भौतिक दर्शनहरूले वर्ग-सङ्घर्ष र द्वन्द्वको कुरा गर्दा, हाम्रा यी दर्शनले समन्वय, सद्भाव र सार्वभौम कल्याणको मार्ग देखाउँछन्। अझ 'असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय' को प्रार्थनाले हामीलाई अज्ञानताको अँध्यारोबाट सत्य र ज्ञानको उज्यालोतिर, तथा नश्वरताबाट चिरन्तनतातिरको यात्राका लागि प्रेरित गर्छ। यी सूत्रहरू हाम्रो जीवनशैलीका आधार भूत नैतिक मूल्यहरू हुन्, जसलाई हामीले पढ्नु, बुझ्नु र हृदयदेखि आत्मसात् गर्नु हाम्रो मौलिक कर्तव्य हो।

राष्ट्रिय स्वाभिमानको भावनालाई जगाउन हामीले विदेशी क्रान्तिको इतिहास वा



पराइका कथा खोतलिरहनु पर्दैन। हाम्रो आफ्नै माटोमा यस्ता गौरवशाली पदचाप छन्, जसले हामीलाई सच्चा देशभक्तिको अर्थ सिकाउँछन् र आत्मबल प्रदान गर्छन्। हामीले पृथ्वीनारायण शाहको दिव्य उपदेश र दूरदर्शितालाई पढ्नु पर्छ, जसले राष्ट्रिय एकताको जग बसाले। बलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा जस्ता वीर योद्धाहरूको गाथाले हामीलाई आफ्नो देशको माटोको एक कण पनि जोगाउ प्राण आहुति दिनु पर्छ भन्ने देशभक्तिको सर्वोच्च प्रेरणा दिन्छ। उनीहरूको बहादुरीले हाम्रो राष्ट्रिय सार्वभौमसत्ताको सीमा कोरेको छ। यी नायकहरू हाम्रो इतिहासका ज्वलन्त उदाहरण हुन्, जसलाई पढ्नु भनेको कुनै अतीतको कथा पढ्नु मात्र होइन, बरु वर्तमानमा दृढताका साथ उभिने शक्ति प्राप्त गर्नु हो। यसका साथै सामाजिक सुधार र नैतिक उत्थानका लागि आजीवन समर्पित महागुरु फाल्गुनन्द जस्ता विभूतिको योगदानलाई पनि हामीले सम्मानका साथ पढ्नु पर्छ।

इतिहासका गौरवशाली अध्यायहरूबाट प्रेरणा लिँदै, हामीले वर्तमानका कर्मवीरलाई पनि पढ्नु उत्तिकै आवश्यक छ। हाम्रो देशको माटोमा अहिले पनि त्यस्ता व्यक्तित्व छन्, जसले आयातित सिद्धान्तको सहारा नलिई, आफ्नै ज्ञान र विवेक प्रयोग गरेर देशको सेवामा जीवन समर्पित गरेका छन्। योगी नरहरिनाथको इतिहास, संस्कृति र राष्ट्रियताप्रतिको अटल समर्पण, दयावीरसिंह कंसाकारको समाजसेवा र परोपकारको भावना, खप्तड बाबाको आध्यात्मिकता र प्राकृतिक जीवनशैली, सन्दुक रुइतको मानवतावादी चिकित्सा सेवा, जसले हजारौँ विपन्नको जीवनमा उज्यालो भरिदियो, महावीर पुनको वैज्ञानिक सोच र ग्रामीण क्षेत्रको प्रविधि विकासका लागि गरेको त्याग, र भगवान् कोइरालाको स्वास्थ्य सेवामा पुऱ्याएको अतुलनीय योगदान- यी सबै व्यक्तित्व नेपाल आमाका असल सन्तान हुन्। उहाँहरूले आफ्नै धरातलका समस्या बुझेर, आफ्नै स्रोतसाधनको बलमा समाधानको बाटो पहिल्याउनुभएको छ। यी कर्मवीरलाई पढ्नु भनेको केवल जीवनी पढ्नु होइन, यो त कर्म, त्याग र सेवाको उच्च मानवीय भावनालाई पछ्याउनु हो, जसले हामीलाई सच्चा राष्ट्रप्रेम भनेको भव्य भाषणमा होइन, आफ्नै कर्मभूमिमा पसिना बगाउनुमा निहित छ भन्ने सिकाउँछ।

सत्य के हो भने, कुनै पनि राष्ट्रको वास्तविक दर्शन त्यहाँका जनताको जीवनमा झल्किन्छ। यसैले, हामीले विदेशी सिद्धान्तका सैद्धान्तिक बहसमा अल्झिनुभन्दा पहिले हाम्रै हिमाल, पहाड र तराईका दुःख सुखका कथा पढ्नु पर्छ। हिमालका गोरेटोमा चल्ने जीवनको कठोरता, पहाडका भिरपाखामा खेती गर्ने किसानको अदम्य साहस, र तराईको उर्वर भूमिमा पसिना बगाउने मजदुरको आशा र निराशा- यी सबै हाम्रा साझा कथा हुन्। यी कथामा अभाव छ तर त्योभन्दा ठुलो आशा र समस्या छ तर त्योभन्दा ठुलो सम्भावनाको बीज छ। हाम्रो पहिलो कर्तव्य यही हुनु पर्छ कि हामीले यी कथाहरूलाई केवल पढेर मात्र नछोडौँ, बरु तिनको मूल कारण पत्ता लगाऊँ र समाधानका लागि कम्मर कसौँ। हाम्रो शिक्षा, हाम्रो राजनीति, हाम्रो अर्थतन्त्र, सबै यही देशको माटो, यही देशका जनताको आवश्यकतामा आधारित हुनु पर्छ। हामीले हाम्रै स्रोत र साधनको पहिचान गरेर, हाम्रै सम्भावनालाई पहिल्याएर देशलाई समृद्धिको बाटोमा डोऱ्याउनु पर्छ।

राष्ट्रियताको मर्म केवल भूगोलमा सीमित हुँदैन, यो त देशको भाषा, संस्कृति, रीतिरिवाज र विविधतामा जीवित रहन्छ। नेपाल अनेकौँ जातजाति, भाषाभाषी, धर्म र संस्कारको एक सुन्दर बगैँचा हो। हाम्रा भाषा नेपाली, मैथिली, भोजपुरी, नेवारी, लिम्बू, राई, तामाङ आदि केवल बोलीचालीका माध्यम मात्र होइनन्, यी त हाम्रा सभ्यता र इतिहासका अमूल्य निधि हुन्। यी भाषा जोगाउनु भनेको हाम्रो मौलिक ज्ञान र पहिचानलाई जोगाउनु हो। त्यस्तै यहाँका विभिन्न जातजाति, संस्कार, धर्म, रीतिरिवाज पढ्नु र बुझ्नु भनेको एकले अर्कालाई सम्मान गर्नु हो। यो सद्भाव नै हाम्रो राष्ट्रिय शक्तिको मूल आधार हो। हामीले संस्कार जोगाउनु पर्छ भन्नुको अर्थ पुरातनवादी बन्नु होइन, बरु हाम्रो नैतिक, सामाजिक र मानवीय मूल्यलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गर्नु हो। यो विविधता नै हाम्रो राष्ट्रिय पहिचानको मुकुट हो, जसले हामीलाई विश्वसामु एक विशिष्ट र मौलिक राष्ट्रको रूपमा स्थापित गर्छ।

यसैले अब हामीले अन्यत्र आँखा दौडाउने होइन, आफ्नै धरातलमा खुट्टा टेकेर अघि बढ्नु पर्छ। हामीले संसारका सबै दर्शन पढ्यौँ भने पनि, जबसम्म हामी आफ्नै सहिदलाई पढ्दैनौँ- उनीहरूको त्यागलाई बुझ्दैनौँ, तबसम्म हाम्रो देशभक्ति अधुरा रहन्छ। उनीहरूको रगतले सिञ्चित यो माटोले हामीबाट आफ्नोपन, स्वाभिमान र निस्वार्थ सेवा मागेको छ। हामीले आयातित विचार र नक्कलबाट माथि उठेर, आफ्नै राष्ट्रिय विभूतिको त्यागबाट प्रेरणा लिई, आफ्नो भाषा, संस्कृति र विविधतालाई सम्मान गर्दै, देशका जनताको दुःख सुखमा साथ दिनु पर्छ। जब हामी यो मौलिक मार्गलाई आत्मसात् गर्छौं, तब मात्र हामीलाई कसैले सिकाउनु पर्दैन- हामी स्वयम् नै नेपाल आमाका योग्य, स्वाभिमानी र असल सन्तान बन्न सक्छौँ। हाम्रो भविष्य विश्वलाई नयाँ बाटो देखाउने मानवीय उत्कृष्टता र राष्ट्रिय स्वाभिमानको उज्यालोमा चम्किलो हुने छ।

# असई राई इलाम जिल्लाकै उत्कृष्ट प्रहरी घोषित

झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय इलाममा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) विजय राई इलाम जिल्लाकै उत्कृष्ट प्रहरी घोषित भएका छन् ।

उनलाई जिल्ला प्रहरी कार्यालय इलामले कात्तिक महिनाको उत्कृष्ट प्रहरी (पुलिस अफ द मन्थ) घोषित गरी सम्मान गरेको हो । जिल्लाभित्र रहेका विभिन्न सामाजिक निकाय, विद्यालय, समुदाय, टोल विकास संस्था, युवा क्लव, महिला समूह, व्यापारिक संघ-संगठन तथा गैर-ससरकारी संस्थाहरूसँग नियमित समन्वय एवं भेटघाट कार्यक्रम संचालन गरी जिल्लामा भइरहेका वर्तमान सामाजिक, आर्थिक तथा आपराधिक अवस्थाको तथ्यगत जानकारी संकलन, सम्भावित जोखिम क्षेत्र पहिचान, समस्या समाधानका उपाय तथा स्थानीयस्तरमा उत्पन्न हुनसक्ने विवाद, झगडा, आपराधिक गतिविधि र असामाजिक व्यवहारको रोकथाममा उनले प्रभावकारी भूमिका निर्वाह गरेका छन् ।



त्यस्तै स्थानीय रेडियोहरूमार्फत लागूपदार्थ दुरुपयोग, साइबर अपराध, ट्राफिक शिक्षा, लिङ्गमा आधारित हिंसा, मानव बेचविखन, दैवीप्रकोप व्यवस्थापन तथा शान्ति-सुरक्षा सम्बन्धी जनचेतनामूलक प्रहरी कार्यक्रमहरू सञ्चालन गर्दै सामान्य नागरिकलाई सजिलै बुझिने भाषामा सूचना प्रवाह गरी समुदायमा प्रहरीसँग साझेदारी र सहकार्यको मनोवृत्ति सिर्जना गर्दै आएका छन् ।

साथै विद्यालय तथा समुदायस्तरमा युवाहरूलाई सक्रिय गराई युवाहरूलाई सकारात्मक सामाजिक गतिविधिमा सहभागी गराउने वातावरण निर्माण गर्दै आएका छन् ।

बाढी, पहिरो, वा अन्य आकस्मिक अवस्थाहरूमा प्रायः स्थानीय जनप्रतिनिधि, सामाजिक अभियन्ता, नागरिक समाज तथा स्वयंसेवी समूहसँग समन्वय गरी मानवीय राहत तथा उद्धार कार्यमा सहयोगी भूमिका प्रस्तुत गरेका छन् ।

त्यस्तै समुदायभित्रका विभिन्न समूह, संस्था, विद्यालय, महिला समूह तथा युवा क्लवहरूसँग नियमित संवाद र सहकार्य गरी समुदायमा उत्पन्न हुने समस्या र चुनौतीहरूलाई नजिकबाट पहिचान गर्दै त्यसको समाधानमा समुदायकै सहभागितामा सुनिश्चित गर्ने लक्ष्यका साथ समुदाय प्रहरी साझेदारी कार्यकमलाई सक्रिय रुपमा परिचालन गर्दै समुदाय प्रहरी कार्यक्रममार्फत प्रहरी र जनताबीचको विश्वास, सहकार्य र आत्मीयता बढाउँदै जनमानसमा प्रहरी संगठनको छवि उच्च, सकारात्मक र विश्वासयोग्य राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेकाले राईलाई उत्कृष्ट प्रहरी घोषणा गरिएको जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक एकनारायण कोईरालाले बताएका छन् ।

# त्रिदेशीय प्रतियोगितामा सहभागी हुने महिला फुटबल टिमको बिदाइ




झापा(प्रस) ।इन्डोनेसियामा आयोजना हुने मैत्रीपूर्ण त्रिदेशीय प्रतियोगितामा सहभागी हुने नेपाली राष्ट्रिय महिला फुटबल टिमको बिदाइ गरिएको छ।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमकाबीच एन्फा पदाधिकारीहरूले नेपाली राष्ट्रिय महिला फुटबल टोलीलाई बिदाइ गरेका हुन्।

आगामी नोभेम्बर २६ देखि इन्डोनेसियामा नेपाल, घरेलु टोली र चाइनिज ताइपेई सम्मिलित त्रिदेशीय प्रतियोगिता हुँदैछ। स्टार खेलाडी सावित्रा भण्डारी घाइते भएका कारण प्रतियोगितामा सहभागिता जनाउन नसक्ने मुख्य प्रशिक्षक नवीन न्यौपाने बताए। सावित्राबिना नै नेपाली टोलीले आफूभन्दा बलियो चाइनिज ताइपेईसँगै इन्डोनेसियालाई हराउँदै उपाधि जित्ने लक्ष्य राखेको उनले बताए। एक हप्ताको प्रशिक्षणका क्रममा नेपाली टोली बलियो रूपमा खेल्नका लागि तयार देखिएको उनको भनाइ छ। त्यस्तै नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी गोलरक्षक एन्जिला तुम्बाप्पो सुब्बाले त्रिदेशीय प्रतियोगितामा सावित्रा नभएपनि अन्य खेलाडीहरूले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरिन्। इन्डोनेसिया र चाइनिज ताइपेइसँगको खेलमा सबैको मनोबल समेत उच्च रहेकाले नजिता आफ्नो पक्षमा आउने उनले बताइन्।

# पेट्रोलियम पाइपलाइनको 'ईआइए' सम्बन्धी सार्वजनिक सुनुवाई

मेचीनगर(प्रस) । झापामा दुई ठुला राष्ट्रिय गौरवका आयोजनाहरु धमाधम निर्माण भइरहेका छन् ।

राष्ट्रिय गौरवका आयोजनाहरुमध्ये एउटा एशियन हाइवे अन्तरगत पूर्व-पश्चिम राजमार्गको काँकरभिट्टादेखि लौकही सडकखण्डसम्म चार ल्याण्डको सडक भव्य रुपमा बन्दै छ ।

अर्कोतर्फ भारतको सिलिगुडीदेखि झापाको मेचीनगरसम्म पेट्रोलियम पाइपलाइनको ग्रिन फिल्ड ट्र्मिलन चारआलीमा निर्माण हुँदैछ ।

झापाको मुख्य सडकका विभिन्न ठाउँमा कालोपत्रे गर्ने काम तिव्र गतिमा भइरहेको छ । अबको दुई वर्षभित्र काँकरभिट्टादेखि लौकही सडक खण्डसम्म चिल्लो पिच बन्ने छ ।

निगमले आइतबार विहान मेचीनगर नगरपालिकाको सभाहलमा स्थानीय सरकारसँग तथा दिउँसो चारआलीस्थित परियोजना परिसरमा जनप्रतिनिधि, सरोकारवाला र स्थानीयबासीसँग पनि ईआइए सम्बन्धी छलफल गरेको छ ।

नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, ६ नम्बर वडाका वडाध्यक्ष ललितबहादुर तामाङ, ७ नम्बर वडाका वडाध्यक्ष प्रल्हादमणि ओली, मेची पेट्रोलियम डिलर्स एशोसिएसन झापाका अध्यक्ष नविन कोइराला लगायतले पेट्रोलियम पाइपलाइनले आफ्नो क्षेत्रमा पार्ने असर र फाइदाका विषयमा निगमको ध्यानाकर्षण गराएका थिए ।

यता चारआलीमा आयोजित कार्यक्रममा १३ नम्बर वडाका वडाध्यक्ष कृष्णराज सिग्देल, १४ नम्बर वडाका वडाध्यक्ष बाबुलाल सुब्बा, स्थानीय समाजसेवी सरद शिवाकोटी, वद्री महत, श्री मरासिनी लगायतले स्वास्थ्य, शिक्षा, सुरक्षा र अदालतमा विचारधीन रहेको विवादित दुई विघा जग्गाका विषयमा पनि कुरा उठाएका थिए ।



यस्तै, यता नेपाल आयल निगम लिमिटेडद्वारा प्रस्तावित सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन परियोजना अन्तरगतको झापातर्फ १४ दशमलव ६ किलोमिटर ग्रिन फिल्ड ट्र्मिलन निर्माणको कामको प्रक्रियाहरु धमाधम भइरहेको छ ।

भारततर्फ सिलिगुडीदेखि मेची पुलसम्म ३६ किलोमिटर बढी र यता मेचीपुलदेखि चारआलीसम्म १४ किलोमिटर लामो पेट्रोलियम पाइपलाइन विस्तारका लागि भारत सरकारले सातसय करोड भारु अनुदान दिएको छ ।

पेट्रोलियम पाइपलाइन विस्तार हुँदा मेचीनगरको ६, ७, ८, १०, १३ र १४ नम्बर वडाको क्षेत्र पर्दछ ।

ग्रिन फिल्ड ट्र्मिलनका लागि चारआलीमा २३ विघा तीन कठ्ठा १३ धुर जग्गा सुरक्षित राखिएको छ । सोही ठाउँमा पेट्रोलियम पदार्थको भण्डारण गर्ने योजना निगमको छ ।

त्यसैका लागि भण्डारण तथा पेट्रोलियम पाइपलाइन विस्तारलाई सहज बनाउन स्थानीय सरकार, सरोकारवाला, दलका प्रमुखहरुसँग वातावरणीय प्रभाव मूल्याङ्कन (ईआइए) अध्ययनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम पनि भइरहेको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रममा निगमका तर्फबाट नायव कार्यकारी निर्देशक दीपक बराल, निर्देशक इन्जिनियर विनितमणि उपाध्याय, परियोजनाका परामर्शदाता रेडनट इन्जिनियरिङ कन्सल्टेन्ट प्रालिका वातावरणीय विज्ञ रामकुमार तामाङले स्थानीय सरकार, सरोकारवाला, जनप्रतिनिधि र स्थानीयबासीहरुको सुझाव र जिज्ञासाको जवाफ दिएका थिए । कार्यक्रममा परियोजनाका संयोजक सुरेन्द्र महतो, मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेती लगायतको सहभागिता रहेको थियो । दुवै ठाउँको सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण हवाई इन्धन डिपो भद्रपुर कार्यालयका प्रमुख सन्दिप रिमालले गरेका थिए ।

सोमबार विहान मेचीनगर नगरपालिकाको समन्वयमा जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुसँग पेट्रोलियम पाइपलाइन विस्तार र ईआइए सम्बन्धी सर्वदलीय वैठक बस्ने भएको छ ।

# विश्व जलवायुका मुद्दा सम्बोधनमा सफल कोप-३०

झापा(प्रस) । ब्राजिलको बेलेम शहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको सम्मेलन कोप-३० सकिएको छ।

कोपको यो सँस्करणबाट नेपाललगायतका देशहरूले धेरै अपेक्षा गरेका थिए। विशेषगरी जलवायु यो सम्मेलन वैश्विक तापमान वृद्धिलाई सीमित गर्ने, जलवायुको जोखिममा रहेका एवं कमजोर अनि संवेदनशील अति कम विकसित राष्ट्रहरूलाई वित्तीय सहयोगको मुद्दामा ठोस निर्णय आउने अपेक्षा गरिएको थियो। तर जीवाष्म इन्धनको बारेमा कुनै सम्झौता बिना नै कोप-३० सकियो। बेलायत र युरोपेली संघसहित ८० भन्दा बढी देशहरू यो कोपबाट तेल, कोइला र ग्यासको प्रयोग घटाउने विषयमा सम्झौतामा पुग्न चाहन्थे।

तर तेल उत्पादक देशहरूले आफ्नो अर्थतन्त्र बढाउन जीवाष्म इन्धन स्रोतहरू प्रयोग गर्ने अधिकार हुनुपर्छ भनेर जोड दिए। सम्मेलनमा जलवायु परिवर्तनलाई सम्बोधन गर्न देशहरू नयाँ सम्झौतामा पुगे पनि धेरै देशहरू जीवाष्म इन्धन, वन फडानीका मुद्दामा कुनै नयाँ कदम नउठाइएकोप्रति असन्तुष्ट छन्।

सम्मेलनमा सहभागी नेपालका प्रतिनिधिहरूले पर्वतीय-जलवायुको मुद्दालाई संस्थागत गर्न दबाब दिएका थिए। बेलेम सम्मेलनको सुरुदेखि छलफल र वार्ताहरूमा सहभागी अल्प विकसित देशहरू (एलडीसी) सहायता टोलीका प्रमुखसमेत रहेका जलवायु विज्ञ मञ्जित ढकालका अनुसार पर्वत र जलवायु परिवर्तनको एजेन्डा कोप-३० को उद्घाटन प्लेनरीमै उठाइएको थियो।

'ग्लोबल मुतिराओ (जलवायु परिवर्तन विरुद्ध विश्वव्यापी परिचालनमा मानवतालाई एकताबद्ध गर्ने) सहित सम्पन्न भएको छ, जसमा अनुकूलन वित्त, जिजिए, हानी नोक्सानी लगायतका एजेन्डाहरू समावेश छन्', ढकालले भने।

बहुपक्षीयतालाई सुदृढ गर्दै, प्रकृयाहरूमा तल्लो तहका मानिसहरूलाई जोड्दै र पेरिस सम्झौताको कार्यान्वयनलाई तीव्र पार्दै वार्तादेखि कार्यान्वयनसम्म, एकता र अन्तर्राष्ट्रिय सहयोग कोप-३० को मूल उपलब्धि ठानिएको छ।

जलवायुविज्ञ डा.धर्मराज उप्रेती कोप-३० ले मिश्रित उपलब्धि दिएर गएको टिप्पणी गर्छन्। विश्वव्यापी तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रयासहरू असफल उन्मुख भएकै वेला देशहरूलाई 'स्वेच्छाले जीवाष्म इन्धन घटाउन' आह्वान गरिएको छ।

कोप-३० नोभेम्बर १० देखि २१ सम्म चल्यो। सम्मेलन पहिलोपटक ब्राजिलमा आयोजना गरिएको थियो। सन् २०१५ मा पेरिसमा, लगभग २०० देशहरूले विश्वव्यापी तापक्रम वृद्धिलाई "पूर्व-औद्योगिक" स्तरभन्दा १.५ डिग्री सेल्सियसमा सीमित गर्न र तिनीहरूलाई २ डिग्री सेल्सियसभन्दा "धेरै तल" राख्न प्रयास गर्न सहमत भएका थिए, जसको दशक पूरा भएको छ।

जलवायुविज्ञ डा.उप्रेतीका अनुसार अत्यधिक गर्मीदेखि समुद्री सतहको स्तर वृद्धिसम्मका जलवायु परिवर्तनको प्रभाव २ डिग्री सेल्सियसभन्दा धेरै हुने अध्ययनले बताइसकेका छन्।

तर नवीकरणीय ऊर्जाको प्रयोग (विशेष गरी सौर्य ऊर्जा)को प्रयोग द्रुत गतिमा बढ्दै जाँदा, देशहरूको जलवायु योजनाहरू १.५ डिग्री सेल्सियस लक्ष्यको आवश्यकताभन्दा कम भएका छन्।

कोप-३० अघि, देशहरूले पृथ्वीको-तापमान बढाउने ग्यासहरूको उत्सर्जन कसरी घटाउने भनेर विवरणहरू सहित अद्यावधिक योजनाहरू पेश गर्नुपर्ने थियो। यद्यपि, अक्टोबरको अन्त्यसम्ममा केवल एक तिहाइले मात्र त्यसलाई पुरा गरे।

ब्राजिलले अघिल्लो कोप सम्मेलनमा गरिएका प्रतिबद्धताहरू पूरा गर्न कदम चाल्ने आशा राखेको थियो। सन् २०२३ मा संयुक्त अरब इमिरेट्स (यूएई) मा कोप २८ मा, देशहरूले "ऊर्जा प्रणालीहरूमा जीवाष्म इन्धनबाट टाढा संक्रमण" को आवश्यकताको बारेमा पहिलो पटक सहमति जनाएका थिए।

ब्राजिलले वार्ताबाट देशहरूले यो कसरी हासिल गर्नेछन् भन्ने बारे स्पष्ट कदमहरू सुरक्षित गर्न चाहेको थियो। यस्तो "रोडम्याप" को विचारलाई बेलायत सहित दर्जनौं देशहरूले समर्थन गरेका थिए, तर जीवाष्म इन्धनमा निर्भर रहेकाहरू सहित अन्यले कडा विरोध गरेका थिए।

अन्ततः डीलमा युएईको विद्यमान सम्झौताको उल्लेख थियो तर जीवाष्म इन्धनबाट टाढा जाने सम्बन्धमा भाषालाई मजबुत पारिएन। ब्राजिलले जीवाष्म इन्धन "रोडम्याप" सुरु गर्ने आफ्नो योजना घोषणा गऱ्यो, जसमा देशहरूले समर्थन गर्न सक्छन् तर यो मुख्य सम्झौताभन्दा बाहिर छ।

कोप-२९ मा, धनी देशहरूले विकासशील राष्ट्रहरूलाई जलवायु परिवर्तनसँग जुध्न मद्दत गर्न २०३५ सम्ममा प्रतिवर्ष कम्तीमा ४३०० बिलियन डलर दिने प्रतिबद्धता जनाए। तर त्यो गरिब देशहरूले भनेको भन्दा निकै कम हो।

त्यो सम्झौतामा सार्वजनिक र निजी स्रोतहरूबाट यसलाई १.३ ट्रिलियनसम्म पुऱ्याउने आकांक्षा पनि समावेश थियो। कोप-३० सम्झौताले २०३५ सम्ममा जलवायु परिवर्तनको प्रभावबाट बढी प्रभावित राष्ट्रहरूलाई मद्दत गर्नका लागि वित्तलाई तीन गुणा गर्नुपर्ने आह्वान गरेको थियो।

'१.३ ट्रिलियन अमेरिकी डलरको रुपरेखा कस्तो हुन्छ, त्यसमा कस्तो खालको वित्त हुन्छ, ग्रान्टको कम्पोजिसन कस्तो हुन्छ, लोनको, प्राइभेट फाइनान्सको कम्पोनेन्ट कस्तो हुन्छ भन्ने स्पष्ट थिएन, अर्थात् बाकुमा सम्झौता भए पनि त्यसमा स्पष्टता नभएको अवस्था थियो, अहिले त्यसमा स्पष्टतासहितको रोडम्याप बाहिर आएको छ' डा. उप्रेतीले भने।

बाकुमा भएको सम्झौता अनुसार ३०० बिलियन डलर प्रति बर्ष परिचालन गर्ने भनिए पनि कसरी गर्ने, पैसा कसले हाल्ने भन्ने प्रष्ट थिएन, त्यसमा पनि मोटामोटीरुपमा अहिले स्पष्ट भएको डा.उप्रेतीले बताए।

कोप-३० अघि नेताहरूको शिखर सम्मेलनमा, ब्राजिलले "ट्रपिकल फरेस्ट्स फरभर फ्यासिलीटि (टिएफएफएफ) लञ्च गऱ्यो। यो एउटा यस्तो कोष, जसले ऋण र लगानीबाट १२५ बिलियन डलर जुटाउने अपेक्षा राख्छ।

आफ्नो वनलाई जोगाइराखेका देशहरूलाई पुरस्कृत गरेर उष्ण कटिबंधीय वनको क्षति रोक्ने प्रयास गर्ने यसको उद्देश्य छ तर बेलायतले सरकारी पैसा नदिने बताएको छ। यद्यपि भविष्यमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गर्नसक्छ। ब्राजिलले सन् २०२१ मा ग्लासगोमा कोप २६ मा गरिएको वन फडानी रोक्न र त्यसलाई उल्टाउने प्रतिबद्धता पूरा गर्ने कदमका रुपमा एउटा रोडम्याप लन्च गर्ने योजना घोषणा गऱ्यो तर जीवाष्म इन्धन जस्तै, वन फडानीको यो रोडम्याप अन्तिम सम्झौतामा परेन।

जीवाष्म इन्धनमा देशहरूको निर्भरता, आर्थिक स्थिति वा जलवायु परिवर्तनप्रति उनीहरूको कमजोरीका आधारमा राष्ट्रहरूको प्राथमिकताहरू भिन्नभिन्न छन्। अघिल्ला कोप संस्करणहरूमा महत्वपूर्ण विश्वव्यापी सम्झौताहरू भएका छन्, जसले राष्ट्रिय उपायहरू भन्दा बढी प्रगतिलाई अनुमति दिन्छ।

तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसको सीमामा सीमित गर्ने कठिनाइहरूका बाबजुद, संयुक्त राष्ट्रसंघका अनुसार, पेरिसमा कोप २१ मा तय भएको प्रतिबद्धताले "लगभग-विश्वव्यापी जलवायु कार्य"लाई बढावा दिएको छ। अन्तर्राष्ट्रिय संचारमाध्यमहरूमा आएका विश्लेषण अनुसार यसले अनुमानित तापक्रम वृद्धिको स्तर घटाउन मद्दत गरेको छ यद्यपि विश्वले अझै पनि पेरिस सम्झौताका लक्ष्यहरू प्राप्त गर्न आवश्यक गतिमा काम गरिरहेको छैन।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ